मिति २०७४/०७/२२ मा बसेको आ.व. ०७४/०७५ को दोस्रो सचिव बैठकका निर्णयहरु

क्र.सं.	निर्णयहरु	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समय सीमा
१.	आगामी मंसीर १० र २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यको निर्वाचनलाई उच्च प्राथमिकतामा राखी आवश्यक सहयोग/समन्वय गर्ने। साथै निर्वाचन आयोगबाट जारी भएको १९ बुँदे आचारसंहिता सम्बन्धी नीतिगत निर्णयलाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।	सबै मन्त्रालय/निकाय	सामान्य प्रशासन मन्त्रालय/अर्थ मन्त्रालय/ गृह मन्त्रालय/रक्षा मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निर्वाचन अवधिभर
२.	परिवर्तित नागरिकको अपेक्षा अनुरुप सेवाप्रवाहलाई अझ प्रभावकारी बनाउने। सो को अनुगमन सम्बन्धित सबै मन्त्रालय/निकायका सचिव स्वयंले निरन्तर गर्ने।	सबै मन्त्रालय/निकाय	सम्बन्धित मन्त्रालय/निकाय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर।
३.	कर्मचारी समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ अनुरुप समायोजन प्रक्रिया अघि बढाउन कर्मचारी समायोजन नियमावली अविलम्ब तर्जुमा गरी मन्त्रिपरिषद्मा पेश गर्ने।	सामान्य प्रशासन मन्त्रालय	अर्थ मन्त्रालय/कानून मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१५ दिन।
४.	स्थानीय तहमा कर्मचारीको अभाव हुन नदिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालयसँग समन्वय गरी सामान्य प्रशासन मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालयले आवश्यक व्यवस्था मिलाउने।	सामान्य प्रशासन मन्त्रालय/महालेखा नियन्त्रकको कार्यालय	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	तत्काल।
५.	सम्बन्धित सबै मन्त्रालय/निकायहरुले स्थानीय तहमा श्रोत/साधन र सम्पत्ति हस्तान्तरण गर्ने साथै स्थानीय तहमा कार्यविवरण (ToR) सहित कर्मचारी खटाउने व्यवस्था मिलाउने।	सम्बन्धित सबै मन्त्रालय/निकायहरु	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	तत्काल।

मुख्य सचिव

क.सं.	निर्णयहरु	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समय सीमा
६.	राष्ट्रिय गौरवका आयोजनालाई उच्च प्राथमिकतामा राखी कार्यान्वयनलाई तिव्रता दिने। साथै पूँजीगत खर्च वृद्धिको लागि देखिएको समस्या तत्काल समाधानका लागि सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र महालेखा नियन्त्रकको कार्यालयसंग समन्वय गरी कार्यान्वयन गर्ने।	सम्बन्धित सबै मन्त्रालय/निकायहरु	अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र महालेखा नियन्त्रकको कार्यालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर।
७.	संघीय प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको सम्पूर्ण कार्यक्रम सम्पन्न नभएसम्म निर्वाचनको लागि हुने गोष्ठी सेमिनारमा बाहेक अन्य विषयको सेमिनार गोष्ठी, विदा र काजमा कर्मचारीहरु नखटाइ चाहेको बखत तुरुन्त खटाउन सक्ने गरी तयारी हालतमा राख्ने र जिल्लामा कार्यरत कर्मचारीहरुलाई जिल्ला नछाड्ने गरी व्यवस्था मिलाउने।	सम्बन्धित सबै मन्त्रालय/निकायहरु	सामान्य प्रशासन मन्त्रालय/निर्वाचन आयोग	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ गृह मन्त्रालय/सबै क्षेत्रीय प्रशासन कार्यालयहरु	निर्वाचनका सम्पूर्ण कार्यक्रम सम्पन्न नभए सम्म।
८.	वैदेशिक सहयोगको लागि विदेशी दाताहरुसँगको छलफल, सम्मेलन र सेमिनारको आयोजना गर्दा अर्थ मन्त्रालयसँग समन्वयन गरेर गर्ने र यस्ता कृयाकलापहरुमा अर्थ मन्त्रालयको सम्बन्धित महाशाखाको प्रतिनिधित्व गराउने व्यवस्था मिलाउने।	सम्बन्धित सबै मन्त्रालय/निकायहरु	अर्थ मन्त्रालय/राष्ट्रिय योजना आयोगको सचिवालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर

मुख्य सचिव